नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौं

(आन्तरिक व्यवस्थापन शाखा)

पत्र संख्या :- २०७६/०७७

चलानी .नः ६६८

मिति २०७६/०९/०७

श्री विभाग/आयोजना/प्रतिष्ठान (सबै)

श्री स्थानीय तह (सबै)

**बिषय : परिपत्र सम्बन्धमा।**

प्रस्तुत बिषयमा कर्मचारी संचयकोषको मिति २०७६/०६/१३ च.नं. नि.ब्य.तथा सा.सु. विभाग ७६/७७ : ३ को पत्र यसै साथ संलग्न छ । सो सम्बन्धमा आवश्यक अध्ययन गरी कार्यान्वयन गर्नु गराउनुहुन आदेशानुसार अनुरोध छ ।

२०७६/९/६.

जगत प्रसाद भुसाल

शाखा अधिकृत

श्री सूचना तथा प्रविधि शाखा : वेभसाइटमा राखिदिनुहुन ।

# कर्मचारी सञ्चय कोष
## Employees Provident Fund
(कर्मचारी सञ्चय कोष ऐन २०१९ बमोजिम स्थापित)
निवृत्तभरण व्यवस्थापन तथा सामाजिक सुरक्षा बिभाग


मिति : २०७६/०६/१३

च.न : नि.ब्य. तथा सा.सु बिभाग ७६/७७ : ०३

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार

**बिषय : योगदानमूलक निवृत्तभरण योजना कार्यान्वयन सम्बन्धमा ।**

सरकारी सेवा (निजामती सेवा, नेपाल सैनिक सेवा, नेपाल प्रहरी सेवा, सशस्त्र प्रहरी बल, नेपाल र नेपाल बिशेष सेवा) मा स्थायि नियुक्त हुने कर्मचारीहरुको लागी योगदानमूलक निवृत्तभरण योजना कार्यान्वयन गर्ने उदेश्यले निवृत्तभरण ऐन, २०७५ मिति २०७५ चैत्र ४ गते प्रमाणीकरण भई कार्यन्वयनमा आइसकेको व्यहोरा विदितै छ ।

नेपाल सरकार, मन्त्रिपरिषदको २०७६ श्रावण १६ गतेको निर्णयबाट निवृत्तभरण ऐन, २०७५ अनुरुप योगदानमूलक निवृत्तभरण योजनाको व्यवस्थापन गर्ने जिम्मेवारी कर्मचारी सञ्चय कोषलाई तोकिए अनुसार कोषबाट आवश्यक तयारी पुरा गरी मिति २०७६/०५/३१ गते माननीय अर्थमन्त्री डा.युवराज खतिवडाज्यूबाट योजनाको शुभारम्भ भएको व्यहोरा सहर्ष अनुरोध गर्दछु ।

निवृत्तभरण ऐन, २०७५ अनुरुप व्यवस्थापन गरिने निवृत्तभरण योजनामा सहभागी हुने प्रक्रिया, निवृत्तभरण परिचय-पत्र नम्बर (UCIN) लिने सम्बन्धि व्यवस्था, योगदानको रकम जम्मा गर्ने प्रक्रिया, सम्बन्धित कर्मचारी र कार्यालयले निर्बाह गर्नुपर्ने जिम्मेवारी लगायतका बिषयहरुलाई समावेश गरी कोषले तयार गरेको जानकारीमूलक पुस्तिका यसै साथ संलग्न गरिएको व्यहोरा अनुरोध गर्दछु । तसर्थ, निवृत्तभरण योजनाको सफल कार्यान्वयनका लागि अपनाउन पर्ने आवश्यक प्रक्रियाका सम्वन्धमा तहाँ र तहाँ मातहतका सम्बन्धित निकाय र कर्मचारीहरुलाई निर्देशन तथा जानकारी गराईदिने व्यवस्थाको लागि हार्दिक अनुरोध गर्दछु ।

***संलग्न :***

१. योगदानमूलक निवृत्तभरण योजना सम्वन्धि जानकारीमूलक पुस्तिका

जीवन कुमार कट्वाल
मुख्य प्रबन्धक


G.P.O. Box No.: 1180, Pulchowk, Lalitpur, Nepal.
Tel No.: +977-01-5010165, 5010166, Fax: +977-01-5010230
**E-mail: kskadmin@epfnepal.com.np**
**Website: epfnepal.com.np**

# योगदानमूलक निवृत्तभरण योजनामा सहभागी हुने सम्वन्धमा
## कर्मचारी संचय कोषको
## जरुरी सूचना

निवृत्तभरण ऐन, २०७५ बमोजिम सरकारी सेवा (**निजामती सेवा, नेपाल सैनिक सेवा, नेपाल प्रहरी सेवा, सशस्त्र प्रहरी बल, नेपाल र नेपाल बिशेष सेवा**) मा २०७६ साल श्रावण १ गतेदेखि नियुक्त हुने स्थायी कर्मचारीहरुको लागी योगदानमूलक निवृत्तभरण योजना कार्यान्वयन गर्न नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७६ श्रावण १६ गतेको निर्णयबाट कर्मचारी संचय कोषलाई तोकिएकाले सम्वन्धित कार्यालय तथा कर्मचारीहरुको जानकारीको निमित्त यो सुचना जारी गरिएको छ।

**योजनामा आवद्ध हुन सम्वन्धित कर्मचारी तथा कार्यालयबाट देहाय अनुरुपको प्रक्रिया अवलम्वन गर्नुपर्नेछ :**

१. योजनामा सहभागी हुन सम्वन्धित कर्मचारीको मासिक तलबवाट ६ प्रतिशत कट्टा गरी सम्बन्धित कार्यालयहरुको तर्फबाट शत प्रतिशत रकम थप गरी हुन आउने कुल योगदान रकम कोषको तोकिएको वैंक खातामा जम्मा गर्ने।

२. योजनामा सहभागी हुन कर्मचारीले देहाय अनुरुप KYC अद्यावधिक गर्ने, KYC नम्बर (UCIN) लिने र सोको प्रयोग गर्ने :

- कोषको कार्यालयसंग सिधै सम्पर्क गरी वा सम्बन्धित किताबखानासंगको समन्वयमा कोषको परिचय पत्र नम्बर लिने।
- परिचयपत्र नम्बर लिएर अनिवार्यरुपमा अनलाइन KYC अद्यावधिक गर्ने र Submission नम्बर लिने ।
- प्राप्त Submission नम्बर लिई कोषको कार्यालयबाट KYC पूर्ण रुपमा अद्यावधिक गर्न सक्ने र KYC नम्बर (UCIN) लिने। तर Submission नम्बर लिएर सम्बन्धित कार्यालय मार्फत KYC नम्बर (UCIN) लिन सकिने यसरी KYC नम्बर(UCIN)लिएमा यथाशिघ्र कोषको कार्यालयमा अनिवार्यरुपमा सम्पर्क गरी KYC अद्यावधिक गर्नुपर्ने।
- KYC नम्बर (UCIN) अनिवार्य रुपमा योगदान रकम कट्टा गर्ने कार्यालयमा प्रदान गर्ने र कुनै पनि समयमा कार्यालय परिवर्तन भएमा उक्त UCIN नम्बर सरुवा भएको कार्यालयलाई प्रदान गर्ने।
- योजनामा सहभागी कर्मचारीहरुले नियमित रुपमा व्यक्तिगत खाताको बिबरण अनलाईन मार्फत हेर्ने।

३. सम्बन्धित कार्यालयले कर्मचारीहरुको योगदान रकम र सम्वन्धित विवरण पठाउन अनिवार्यरुपमा संस्थागत KYC अद्यावधिक गरी Corporate Login लिने।

४. सम्बन्धित कार्यालयले मासिक योगदान रकम तोकिएको बैंकमा जम्मा गरी Corporate Login-Web Entry मार्फत बिबरण पठाउने र अनलाईन प्रणालीबाट प्राप्त हुने रसिद सुरक्षित रुपमा राख्ने।

५. सम्बन्धित कार्यालयले मासिक योगदान रकमको विवरण Web Entry मार्फत पठाउँदा KYC नम्बर (UCIN) का आधारमा मात्र पठाउने व्यवस्था गर्ने।

६. योगदान रकममा कोषले तोके बमोजिम ब्याज तथा मुनाफा प्रदान गर्नेछ।

७. कर्मचारीहरुको व्यक्तिगत खातामा जम्मा भएको रकम निवृत्तभरण कोष ऐन, २०७५ मा भएको व्यवस्था अनुरुप भुक्तानी हुनेछ।

***योजनाका सम्बन्धमा अन्य थप जानकारी कोषको वेबसाइटबाट लिन सकिने छ।***

**निवृत्तभरण व्यवस्थापन तथा सामाजिक सुरक्षा बिभाग**
**कर्मचारी संचय कोष**

इमेल : pension.ss@epfnepal.com.np
वेबसाइट : Site.epfnepal.com.np

# कर्मचारी सञ्चय कोष

## योगदानमुलक निवृत्तभरण योजना जानकारी पुस्तिका

**१**

२०७६ श्रावण १ पछि नियुक्त हुने स्थायी निजामति सेवा, नेपाली सैनिक सेवा, नेपाल प्रहरी सेवा, सशस्त्र प्रहरी वल, नेपाल र नेपाल विशेष सेवा कर्मचारीहरुका लागि योगदानमूलक निवृत्तभरण योजना लागु भएको ।

**२**

यस योजनामा सहभागी हुने कर्मचारीले मासिक तलबबाट ६ प्रतिशत कट्टा गरीने र सोही अनुपातमा नेपाल सरकारको योगदान हुने ।

**३**

प्रत्येक ३ वर्षमा निवृत्तभरण रकम १० प्रतिशतका दरले बढीमा ५ पटक बढ्ने ।

**४**

२० वर्ष सेवा अवधि पुरा नहुदै सेवामा नरहेमा कोषमा जम्मा भएको रकम, ब्याज रकम र मुनाफा रकम एकमुष्ठ भुक्तानी पाउने ।


**५**

२० वर्ष सेवा अवधि पुरा भएका कर्मचारीहरुको व्यक्तिगत खातामा जम्मा भएको रकम निवृत्तभरण कोष ऐन, २०७५ मा भएको व्यवस्था अनुरुप भुक्तानी पाउने ।

## योजनाका विशेषताहरु




# योजना आवद्ध हुने प्रक्रिया




- निवृत्तभरण योजनामा सहभागी हुने कर्मचारीले कोषबाट तोकिएको प्रक्रिया अवलम्बन गरी KYC अद्यावधिक गरी UCIN नम्बर लिने र सम्बन्धित कार्यालयमा जानकारी गराउने।
- सम्बन्धित कार्यालयले अनिवार्य रुपमा कोषको Web Entry Access प्राप्त गर्ने।
- निवृत्तभरण योजना अनुरुप रकम तोकिएको बैंकमा रकम जम्मा गरी सम्बन्धित कार्यालयले Web Entry मार्फत डिजिटल विवरण पठाउने र कोषबाट पठाइएको (अनलाइन) रसिद सुरक्षित राख्ने।
- कोषबाट बैंक विवरण तथा सम्बन्धित कार्यालयबाट पठाइएको डिजिटल विवरण रुजु गरेर निवृत्तभरण योजनामा सहभागी हुने कर्मचारीको व्यक्तिगत खातामा लेखांकन गर्ने।
- निवृत्तभरण योजनामा सहभागी हुने कर्मचारीको व्यक्तिगत खाताको विवरण अनलाईन मार्फत नियमित रुपमा हेर्ने।
- अन्य कार्यालयमा सरुवा भई वा पदस्थापन हुँदा कर्मचारीको UCIN नम्बर सम्बन्धित कार्यालयमा जानकारी गराउने।



## निवृत्तभरण योजनामा सहभागी कर्मचारीको जिम्मेवारी

कर्मचारी संचयकोषसँग सिधै सम्पर्क गरी वा सम्बन्धित कितावखानासँगको समन्वयमा परिचय पत्र नम्बर लिने ।

परिचयपत्र नम्बर लिएर अनिवार्य रुपमा अनलाइन KYC अद्यावधिक गर्ने र Submission नम्बर लिने ।

प्राप्त Submission नम्बर लिइ नजिकैको सञ्चय कोष कार्यालयबाट वा सम्बन्धित कर्मचारीको कार्यालयमा सम्पर्क गरी KYC नम्बर (UCIN) अनिवार्य रुपमा लिने र निवृत्तभरण कट्टा गर्ने सम्बन्धित कार्यालयमा प्रदान गर्ने ।

कुनै पनि समयमा कार्यालय परिवर्तन भएमा उक्त UCIN नम्बर सरुवा भएको कार्यालयमा प्रदान गर्ने ।

# निवृत्तभरण योजनामा सहभागी कर्मचारी कार्यालयका जिम्मेवारी

*नोटः प्रत्येक कर्मचारीहरुको KYC विवरण तथा बैंक भौचरमा फाँटवारी Reference Number अनिवार्य हुने ।*

निवृत्तभरण योजनामा सहभागी कर्मचारीहरुको मासिक बिबरण कोषको Web Entry मार्फत फाँटवारी तयार गरी फाँटवारी Receipt number लिने । Receipt number समेत समावेश गरी बैंक भौचर जम्मा गर्ने वा रकमान्तर गर्ने । उक्त बैंक भौचर बिबरण पुनः कोषको Web Entry मा इन्ट्री गरी निवृत्तभरण कोषमा बिबरण जम्मा भएको रसिद लिने र सुरक्षित राख्ने । (हार्डकपि कोषमा पठाउनु नपर्ने) ।

निवृत्तभरण योजनामा सहभागी कर्मचारीले भरेको KYC को Submission नम्बर लाई Web Entry बाटै UCIN नम्बर प्राप्त गरिदिने र KYC पूर्ण रुपमा अद्यावधिक गराउन जानकारी गराउने ।

निवृत्तभरण योजनामा सहभागी कर्मचारीहरुको पठाएको बिबरणको एक प्रति कार्यालयमा सुरक्षित राख्ने ।

निवृत्तभरण योजनामा सहभागी कर्मचारीहरुको पठाएको बिबरणको एक प्रति कार्यालयमा सुरक्षित राख्ने ।

थप जानकारीको लागि

**कर्मचारी संचय कोष**

**निवृत्तभरण तथा सामाजिक सुरक्षा विभाग**

सम्पर्क नं. ०१-५०१०१६५

इमेलः pension.ss@epfnepal.com.np

वेवसाइटः site.epfnepal.com.np